(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः २ | संख्याः १४ | मितिः २०७५/१२/१७ |

**भाग-२**

**विराटनगर महानगरपालिका**

नगर कार्यपालिकाको स्वीकृति तथा नगर सभाबाट पारित गरी जारी "**महानगर आवास कार्यबिधि, २०७५**"

# विराटसनगर महानगरपालिका
# महानगर आवास कार्यबिधि, २०७५

**प्रस्तावना :**

विराटनगर महानगरपालिका क्षेत्रभित्र खोला किनारा तथा सुकुम्बासि वसोबास गर्ने नेपाली नागरिकहरुको पहिचान गरी तिनको दीर्घकालिन आवास व्यवस्थापनका लागि महानगरपालिकाको स्वमित्व वा संरक्षणमा रहेका वा कुनै दातृ निकाय तथा नीजि श्रोतबाट खरिद गरिएका जग्गामा त्यस्ता परिवारहरुलाई महानगरपालिका आवास योजना तयार गरी व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी ***महानगर आवास कार्यबिधि, २०७५*** बनाएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

क) यस कार्यविधिको नाम **"महानगर आवास कार्यविधि, २०७५"** रहेको छ ।

ग) यस कार्यविधिको विस्तार विराटनगर महानगरपालिकाभर हुनेछ ।

घ) यो कार्यविधि विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको बैठकबाट स्विकृत भई स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय र प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **"महानगर आवास"** भन्नाले महानगरपालिका क्षेत्रभित्र सिंगिया तथा केशलिया खोला किनारामा बस्ने अति जोखिमपुर्णस्थानका सुकुम्वासि परिवार, नगर क्षेत्रभित्र बसोवास गर्ने अन्य स्थानमा जोखिमपुर्ण स्थानमा बस्ने सुकुम्वासि परिवारलाई सुरक्षित तथा व्यवस्थित आवास निर्माण गरि व्यवस्थापन गर्ने कार्यलाई सम्झनु पर्नेछ ।

**ख)** **"सरकारी जग्गा"** भन्नाले सडक, बाटो, रेल्वे, सरकारी घर, भवन कार्यालय, वन बुटेन, जंगल, नदी, खोलानाला, नदी उकास, ताल, पोखरी, डिल, नहर, कुलो, ऐलानी, पर्ति, भिर, पहरा, डगर, बगर सम्झनु पर्नेछ ।

**ग)** **"सार्वजनिक जग्गा"** भन्नाले बाटो, कुवा, पानी पधेरो, पानीघाट, इनार, पोखरी/डिल, खोल संरक्षणका लागी लगाइएको बाध, निकास, गौचर, मसानघाट, चिहान, पाटी पौवा, देवल, धार्मिक स्थल, स्मारक, मठ, मन्दिर, चोक, डवली, ढल, चौतारो, हाट मेला लाग्ने ठाँउ, मनोरञ्जन खेलकुद गर्ने ठाउ भन्ने सम्झनु पर्नेछ ।

**घ)** **"सुकुम्वासी"** भन्नाले जीविकाको लागि कुनै ठोस् विकल्प नभएको, आफ्नो वा आफ्नो अंशियारको नाममा वा कब्जामा कुनै घर वा जग्गा नभएका वा आफ्नो वा अंशियारको नाममा घर वा जग्गा जोड्न सक्ने कुनै साधन श्रेष्ता नभएका, भुमिहिन तथा निःसहाय (कृषि मजदुर, कमैया, हली, हरुवा, चरुवा आदि) व्यक्ति र दैवि प्रकोपबाट घर जग्गा विहिन हुन पुगेका व्यक्ति एवम् निज प्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउछ ।

**ङ)** **"सहयोगी/साझेदारी संस्था"** भन्नाले यस परियोजनाका लागि सहयोग गर्ने (सामाजिक, आर्थिक, प्राविधिक, सामाग्री आदी) संस्थालाई जनाउनेछ ।

## परिच्छेद २
## परियोजना व्यवस्थापन समिति

### ४. समितिको गठन :

समितिको गठन तपशिल अनुसार गरिने छ ।

अध्यक्ष : प्रमुख वा प्रमुखले तोकेको व्यक्ति -१ जना

सदस्य : उप-प्रमुख वा उप-प्रमुखले तोकेको महिला -१ जना

सदस्य : परियोजना संचालन हुने वडाका वडा अध्यक्ष

पदेन सदस्य : मालपोत कार्यालय प्रमुख

पदेन सदस्य : नापी कार्यालय प्रमुख

सदस्य : प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी -१ जना

सदस्यः परियोजना संचालनमा सहयोग गर्ने (सम्झौतामा हस्ताक्षर गर्ने संस्था) संस्थाको १/१ जना

सदस्य सचिव : प्रमुखले तोकेको कर्मचारी -१ जना

आवश्यकता परेको खण्डमा बिशेषज्ञ सेवा लिन आमन्त्रित सदस्यको रुपमा जुनसुकै ब्यक्ती वा संस्थालाई आमन्त्रण गर्न सक्नेछ ।

### ५. समितिको काम/कर्तव्य/अधिकार

क) विराटनगर महानगरपालिका क्षेत्र भित्रको सरकारी, सार्वजनिक जग्गाको अभिलेख तयार गर्ने ।

ख) खोला किनारमा बसोवास गर्ने तथा सुकुम्वासी परिवारको तथ्यांक संकलन गरी पहिचान नम्वर दिने ।

ग) पहिचान भएका खोला किनारा र सुकुम्वासी परिवारका अति जोखिमपुर्ण अवस्थामा रहेका परिवारहरुको रातो सुचक तयार गरि तिनिहरुको पहिचान गर्ने । (अति जोखिम भन्नाले वाढी आउदा पहिलो खोलाले ढुवान गर्ने, अपाङ्गता, बृद्ध बृद्धा, तथा अभिभावक विहीन बालबालिकाहरु भएका परिवार आदीलाई जनाउनेछ)

घ) आवास योजनाको कष्ट ईष्टिमेट सहित माष्टर प्लान तयार गर्ने / गराउने ।

ङ) आवास योजना अन्तर्गत निर्माण हुने घर पाउने परिवारको नामावली तयार गर्ने । (नोटः आवास योजना अन्तर्गत लाभग्राही छनौटका गर्ने मापदण्ड यसै कार्यविधिको अधिनमा रहि तयार पारिने ***नियमावली***मा उल्लेख भए बमोजिम हुने छ ।)

च) तयार गरिएको नामावली समितीमा पेश गरी अन्तिम नामावली प्रकाशन गरी घर नं. सहितको पहिचान पत्र प्रदान गर्ने । यसरी पहिचान पत्र प्रदान गर्दा सो परिचय-पत्रमा महिला तथा पुरुष दुवैको नाम उल्लेख गर्ने ।

ङ) आवास योजना निर्माणका लागि आवश्यक श्रोत र उपलव्धताको खोजि गर्ने ।

च) आवास योजनाको प्रभावकारी कार्यान्वयनका लागि अध्ययन अवलोकन गर्ने ।

छ) आवास योजनाको कार्यान्वयनका लागि आवश्यकता अनुसार अन्य समिति तथा उपसमितिहरु गठन गर्ने ।

ज) आवास योजना निर्माण पश्चात जोखिम पुर्ण अवस्थामा रहेका परिवारलाई आवास योजनाका घरहरुमा पुनरस्थापन गर्ने ।

झ) आवास योजनामा बस्ने परिवारका लागि परिवारको आवश्यकता र पेशा सुहाउदो आय-आर्जन सम्बन्धि प्रशिक्षण तालिम संचालन गरि आर्थिक सशक्तिकरण गर्ने ।

ञ)	आवास योजनाका परिवारहरुलाई लक्षित गरि सामुहिक हितका लागि समुह वा टोल विकास समिति गठन गरी थप आर्थिक सशक्तिकरण गर्ने ।

ट)	यस कार्यविधिले तोके बमोजिम गठित भएका समितिहरुको ***कार्य संचालन नियमावली*** परिच्छेद २ को दफा ४ बमोजिम गठित समितिले तोके बमोजिम हुने छ ।

## परिच्छेद ३

## कार्यविधि/कार्यप्रणाली

### ६. समितिको कार्यप्रणाली

क)	समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउने छ ।

ख)	समितिको बैठक महिनामा कम्तीमा १ पटक र आवश्यक्ता अनुसार एक भन्दा बढी पटक पनि बस्न सक्नेछ ।

ग)	समितिको निर्णय बहुमतबाट पारित हुनेछ ।

घ)	निर्णय प्रमाणित गर्ने अधिकार अध्यक्षमा निहित रहने छ ।

ङ)	समितिको निर्णय प्रमाणीत भएपछि मात्र लागु हुनेछ ।

## परिच्छेद ४

## जग्गाधनी पुर्जा सम्वन्धमा

### ७. जग्गाधनी प्रमाण पूर्जा सम्वन्धमा :

क)	महानगरपालिकाको स्वामित्वमा भएको वा संरक्षणमा रहेको जग्गाको हकमा महानगरपालिकाले जग्गा धनीपुर्जा दिन नसक्ने तर आवास योजनामा त्यस्ता परिवारको अर्को व्यवस्था नहुन्जेलका लागि निःशुल्क बस्ने व्यवस्था गर्नेछ ।

ख)	आवास योजनामा बसोबास गर्ने परिवारले विधुत, संचार तथा पानी लगायतका सेवाहरुको उपभोग गरे वापत लाग्ने शुल्क तथा महसुल स्वयं भुक्तानी गर्नु पर्नेछ ।

ग)	बाढी पिडित वा सुकूवासिहरु मिलेर सामुहिकरुपमा खरिद गरिएको जग्गा वा नेपाल सरकार, दातृ निकाय वा अन्य कुनै स्रोतबाट जग्गा प्राप्त भई आएमा उक्त जग्गामा पनि आवास योजनाको कार्यक्रम गर्न सकिने छ । यसरी प्राप्त जग्गामा निर्माण गरिने आवास योजनामा बसोवास गर्ने व्यक्तिको नाममा आवासको स्वामित्व हस्तान्तरण गर्ने आवश्यक प्रकृया भने समितिले गर्नेछ ।

## परिच्छेद ५

## कागजात सम्वन्धमा

### ८. आवास परियोजनामा पुनरस्थापन हुने परिवारसंग हुनुपर्ने कागजातहरु

क). सरोकारवालाको माग निवेदन

ख). नागरिकता प्रमाण-पत्र

ग). अन्य जिल्लाबाट आएको भएमा बसाई सराई प्रमाण-पत्र

घ). मृत्यु दर्ता/नाता प्रमाणीत-पत्र

ङ). मतदाता परिचय-पत्र

च) पारिवारिक विवरण फारम

छ). बत्तिको  तिरो तिरेको प्रमाण

झ). अन्य कर भुक्तानी रसिद् प्रमाण

ञ). वडा समितिको सिफारीस पत्र

ट). स्थलगत सर्जमिन

## परिच्छेद ६
## आर्थिक श्रोत सम्वन्धमा

### ९. आवास परियोजनाको आर्थिक श्रोत परिचालन सम्वन्धमा

आवास योजनाको निर्माण कार्यको लागि तयार भएको लागत सहितको माष्टरप्लानको आधारमा योजनाको आकार, संरचना, लागत आदिलाई अध्ययन गरी प्राप्त हुने सहयोग समेतलाई ध्यानमा राखी आर्थिक श्रोतको उपलव्धता सहितको सहयोगी सस्थासंग सम्झौता गर्नेगरी उक्त सम्झौतामा रकम उल्लेख गरिनेछ । र सो श्रोतको परिचालनका विषय समेत सम्झौतामानै उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद ७
## विविध

### १०. प्रतिवेदन बुझाउनु पर्ने :

समितिले प्रत्येक बर्ष नगर कार्यपालिका लगायत सहयोगी संस्थाहरुलाई आफ्नो कामको वार्षिक प्रतिवेदन बुझाउनु पर्नेछ । नगर कार्यपालिकाले आवश्यकता अनुसार अन्य निकायलाई सो प्रतिवेदन पठाउन सक्नेछ ।

### ११. प्रतिवन्ध :

क) वाडी पिडित तथा सुकुम्वासी परिवारको नाममा दिएको भवन अर्को व्यवस्था नभए सम्मका लागि ति परिवारहरुलाई निःशुल्क उपलव्ध गराईनेछ । आवासको सुविधा प्रदान गर्दा ब्यक्ति (महिला र पुरुष दुवै), परिवार वा समुदायको सामुहिक वा संयुक्त स्वामित्व राख्न सकिने छ ।

ख) बाढी पिडित वा सुकूम्वासिहरु मिलेर सामुहिकरुपमा खरिद गरिएको जग्गा वा नेपाल सरकार, दातृ निकाय वा अन्य कुनै स्रोतबाट जग्गा प्राप्त आवास योजनामा बसोवास गर्ने व्यक्तिको नाममा जग्गा नामसारी गर्ने आवश्यक प्रकृया भने समितिले गर्नेछ ।

ग. सुविधाको आवास स्थानीय सरकारको स्विकृती नलिई बैंक तथा वित्तिय संस्थामा धितो राखि ऋण लिन, बेच्न वा भाडामा लगाउन पाईने छैन ।

### १२. अनुगमन र निर्देशन :

आवास योजनाको समग्र कामको अनुगमन तथा मुल्याङ्कन गर्न आवश्यकता अनुसार महानगरपालिकाले अनुगमन समिती गठन गर्ने सक्नेछ ।

**१३. अनुगमन समितिको काम, कर्तब्य, अधिकार,**

क) समितिलाई सुझाव सल्लाह दिने,

ख) काम गर्ने बातावरण बनाइ दिने

ग) समस्या उपर छलफल गराई निकासा दिने,

घ) समितिको काम लाई सहजिकरण गर्ने,

ङ.) समितिको अधिकार क्षेत्रको कामको मुल्याङ्कन गर्ने,

च) कार्यपालिका वोर्डमा प्रतिवेदन पेश गर्ने

छ) आयोगका निर्णय विरुद्धमा परेका निवेदन उपर टुङ्गो लगाउने,

ज) अन्य निकाय /संघ /प्रदेश र समिति विच समन्वय गर्ने ।

**२१.** समितिले गरेको प्रगति नगरपालिका प्रमुख तथा बोर्डलाई जानकारी गराउनु पर्नेछ ।

**१४. पुरस्कृत, सजाय र दण्ड जरिवाना :**

क) कार्य सम्पादनका आधारमा कार्यरत टिम वा व्यक्ति/कर्मचारीलाई पुरस्कृत गर्न सक्ने साथै आवास योजनाका लागि कसैले झुटा विवरण पेश गरी आवास योजनामा बसेमा निज परिवारलाई आवास योजनाबाट हटाई झुटा विबरण पेश गर्नेलाई, कोही कसैले पुर्जा दिलाइ दिन्छु भनी दुसित मनसाय बाट प्रलोभनमा पारी अनुचित फाइदा लिएको प्रमाणीत भएमा त्यस्ता व्यक्ति उपर प्रचलित कानुन बमोजिम कारवाहिको प्रकृया समेत अवलम्वन गरिनेछ ।

ख) आवास सुविधा प्राप्त गर्ने व्यक्ति तथा परिवारले सुविधा प्राप्त गर्नु अघि देशको कुनैपनि भुभागमा आफ्नो र आफ्नो परिवारका नाममा जग्गा, आवास वा दुवै नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, श्रोत वा प्रयासबाट आवासको व्यवस्था गर्न असमर्थ रहेको स्वःघोषणा गर्नु पर्ने छ । यसरी स्वःघोषणा गर्दा झुठा विवरण पेश गरी आवास सुविधा लिएमा, सुविधाको आवासलाई अन्य प्रयोजनमा प्रयोग गरेमा नेपाल सरकारको प्रचलित कानून वमोजिम सजाय हुने छ ।

आज्ञाले,
कुमारप्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत